मेरो साप्ताहिक

मचा साप्ताहिक

Mero Saptahik

वर्ष : ५ • अंक : २ • पूर्णांक : २०१ • वि.सं. २०८० मंसिर १२ मंगलवार • ने.सं. ११४४ कछलागा पारु • 2023 November 28 • पृष्ठ ८ • मूल्य रू. १०।-

शंखधर दिवसका अवसरमा प्रम प्रचण्ड सम्मानित राजतन्त्र स्वीकार्य नभएको नेवारहरुको उद्घोष



• **मेरो संवाददाता**

काठमाडौं/नेपाल संवत्का प्रणेता राष्ट्रिय विभूति शंखधर साख्वाः दिवसका अवसरमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई एक कार्यक्रमको आयोजना गरी सम्मान गरिएको छ। उहाँले नेपाल संवत्लाई राष्ट्रिय संवत्को मान्यता दिलाउन खेल्नु भएको भूमिकाका साथै हालै नेपाल संवत्लाई सरकार दस्तावेजमा प्रयोग गर्ने निर्णय मन्त्री परिषद्बाट पारित गराउनु भएकोले धन्यवाद ज्ञापनका रुपमा यसरी सम्मान गरिएको हो।

सो अवसरमा प्रधानमन्त्री पुष्पकमल दाहालले आज विश्वमा अन्तर्राष्ट्रिय प्रयोजनका लागि इस्वी संवत् प्रयोग गरिने र आन्तरिक प्रयोजनका लागि आफ्नै देशको मौलिक संवत् प्रयोग गर्ने प्रचलन रहेको बताउनु हुँदै अब नेपाल पनि त्यसै दिशातर्फ अग्रसर हुनुपर्ने समय आएको बताउनु भयो।

नेपाल संवत्लाई सरकारी दस्तावेजमा पनि प्रयोग गर्ने निर्णय आफूले गरेको भएतापनि अहिले नेपाल संवत्को प्रयोगले मात्र नपुग्ने यसलाई अब नेपालको एक मात्र संवत् बनाउन सकिन्छ कि भन्ने तर्फ पनि सोच्नुपर्ने उहाँले बताउनु भयो।

नेपाल संवत् न्हूदँ राष्ट्रिय समारोह समितिका साथै विभिन्न संघसंस्थाहरुको संयुक्त आयोजनामा उहाँलाई सम्मान गरिएको हो।

कार्यक्रममा सम्बोधन गर्नुहुँदै मल्ल के. सुन्दरले पहिले नेपाल संवत्को नयाँ वर्षका अवसरमा गरिएका विभिन्न कार्यक्रमहरु तत्कालीन राजतन्त्रले दमन गरेको स्मरण गर्नुहुँदै अहिले त्यही राजतन्त्र चाहिन्छ भनेर एक थरि मानिस लागिरहेको भएतापनि उपत्यकाका नेवारहरुले त्यसलाई स्वीकार नगर्ने बताउनु भयो। उहाँले परिवर्तनपछि सत्तामा पुगेका राजनीतिक दल र नेताहरुले जनताको आवश्यकता पूरा गर्न नसकेका कारण दुर्गा प्रसाईं जस्ता तत्व सक्रिय भएको उहाँले औंल्याउनुभयो।

बबरमहलमा पेलिकन प्रणाली जडान

• **मेरो संवाददाता**

काठमाडौं/काठमाडौं मनपाले बबरमहलमा अन डिमान्ड पेडेष्ट्रियन क्रसिङ (पेलिकन) प्रणाली जडान गरेको छ। यो जेब्रा क्रसतिर हरियो र सवारी गुड्नेतर्फको सडकमा रातो बत्ती बालेर पैदल यात्रीले सडक पार गर्ने प्रणाली हो। यो प्रणालीलाई पहिलो पटक २०७९ फागुन १३ गते बागदरबारमा परीक्षण गरिएको थियो। यसबाट सकारात्मक नतिजा प्राप्त भएपछि सार्वजनिक स्थलमा नमूना परीक्षणका लागि राख्ने योजना बनेको हो।

प्रणाली शुभारम्भ अवसरमा वडा नं. ११ का अध्यक्ष हीरालाल तण्डुकारले भन्नुभयो, 'बबरमहललाई दुर्घटनाबाट बचाउने प्रणाली चाहिएको थियो। आज प्राप्त भयो। यसबाट पैदल यात्रा सुरक्षामा नयाँ आयाम थपिएको छ।'

महानगरपालिकाका सडक सुरक्षा बिज्ञ प्रशान्त खरेलका अनुसार, सडकको चौडाइ धेरै भएकोले बबरमहलमा ४ वटा पोल राखिएका छन्। 'पैदलयात्रीले स्वीच थिचेपछिको ५ सेकेण्डमा जेब्रा क्रसतर्फ हरियो र सवारी गुड्नेतर्फ रातो बत्ती बल्छ। एक पटक थिचेपछि ३० सेकेण्ड बत्ती

बल्छ। यसलाई ४० सेकेण्ड बनाउने हो कि भन्ने छलफल भइरहेको छ।' खरेल भन्नुहुन्छ, 'पहिलो ३० सेकेण्ड बत्ती बलेको अवधि सकिएपछिको २ मिनेटमा मात्र पैदलयात्रीले अर्को पटक बटन थिच्न सक्छन्। अर्थात्, २ मिनेटपछि मात्र जेब्रा क्रसतर्फ फेरि बत्ती बाल्न सकिन्छ।'

यसबाट प्राप्त नतिजाका आधारका महानगरपालिकाका ३६ वटा विद्यालय क्षेत्रमा प्रणाली विकास गर्ने योजना छ। खरेल भन्नुहुन्छ, 'यसका २ वटा उद्देश्य छन्। एउटा, बालिबालिकाहरुलाई सडक सुरक्षा प्रदान गर्न सकियोस्। अर्को, भविष्यका सडक प्रयोगकर्ता (बालबालिका) लाई सडक सुरक्षाका विषयमा व्यवहारिक ज्ञान दिन सकियोस्।' प्रणाली जडानका लागि वडाहरुबाट पनि माग आउन थालेको खरेलको भनाइ छ।

बबरमहलमा राखिएको प्रणाली जडान गर्न करिब ७ लाख ६४ हजार रुपैयाँ खर्च भएको छ। २ वटा मात्र पोल राख्ने हो भने ५ लाख ४० हजार रुपैयाँ लागत आउँछ। खरेलको भनाइ छ। बबरमहलको प्रणाली सञ्चालन गर्न जिल्ला अदालतबाट विजुलीको आपूर्ति गरिएको छ।

यस क्षेत्रमा पैदलयात्रीको ठूलो चाप छ। यसकारण पटक पटक पैदल यात्रीहरु दुर्घटनामा पर्ने गरेका छन। प्रणाली जडान भएपछि पैदल यात्रीहरुले सवारी साधन रोकिएको एकिन भएपछि मात्र सडक पार गर्ने अवसर पाएका छन्।

काष्ठमण्डप खुला गर्नेबारे अन्योल कायमै

• **मेरो संवाददाता**

काठमाडौं/ऐतिहासिक सम्पदा काष्ठमण्डप पुनःनिर्माण सम्पन्न भइसके पनि सर्वसाधारणका लागि कहिले खुला गर्ने भन्ने विषय अझै अन्योलमै रहेको छ।

२०७२ वैशाख १२ को भूकम्पले पूर्ण रूपमा क्षति भएको उक्त सम्पदाको पुनर्निर्माण सम्पन्न गरी काष्ठमण्डप पुनर्निर्माण समितिले गत असोज १५ गते नै काठमाडौं महानगरपालिकालाई कार्य सम्पन्न प्रतिवेदन बुझाइसकेको छ।

महानगरको सम्पदा तथा पर्यटन विभागका प्रमुख अर्चना श्रेष्ठ (शाक्य) का अनुसार पुनर्निर्माण समितिले बुझाएको प्रतिवेदन अहिले सम्पदाविज्ञसहितको टोलीले अध्ययन गर्ने काम भइरहेको छ। प्रतिवेदन अध्ययन सकेसँगै उक्त सम्पदा सर्वसाधारणका लागि कहिले खुला गर्ने भन्ने यकिन हुन्छ।

२०७५ वैशाख १८ गते जनप्रतिनिधि र स्थानीयको निर्णयबाट तत्कालीन प्रदेश सभा सदस्य राजेश शाक्यको अध्यक्षतामा काष्ठमण्डप पुनर्निर्माण समिति गठन भएको थियो। उक्त सम्पदा निर्माणका लागि २०७५ जेठ २४ गते बसेको कार्यपालिका बैठकले उपभोक्ता समितिमार्फत पुनर्निर्माणको काम गर्ने र खर्च काठमाडौं महानगरपालिकाले बेहोर्ने निर्णय गऱ्यो। यसको चार दिनपछि अर्थात् जेठ २९ गते महानगरपालिका र समितिबिच सम्झौता भएको थियो।

सम्झौता भएकै दिन काम थालनी गर्न समितिलाई ५० लाख रुपियाँ प्रदान गरिएको थियो। त्यसपछि महानगरले समितिलाई २०७५ असोज २७ गते पाँच करोड, २०७६ माघ ९ गते पाँच करोड र २०७८ असार १६ गते एक करोड रुपियाँ उपलब्ध गराएको थियो।

क्षति भएको उक्त सम्पदा पुनर्निर्माणका लागि महानगरले उपलब्ध गराइएको ११ करोड ५० लाख रुपियाँ खर्च भइसकेको प्रतिवेदनमा उल्लेख छ। काष्ठमण्डपलाई खुला गरी नियमित सञ्चालन र संरक्षण गर्न, काष्ठमण्डपलाई भौतिक रूपमा जिम्मेवारी स्वीकार गर्न पुनर्निर्माण समितिका संयोजक राजेश शाक्यले महानगरलाई आग्रह गर्नुभएको छ।



नेपालभाषाया साहित्यिक दँपौ पलिस्थाया न्हूगु ल्याः बजारय् वये धुंकल। थःगु प्रति थौं हे सुरक्षित यानादिसँ।

पलिस्था

राष्ट्रियताको लागि समर्पित
मेरो साप्ताहिक
मचा साप्ताहिक Mero Saptahik

प्रकाशक तथा सम्पादक : रत्न काजी महर्जन
सह-सम्पादक : विजय कुमार सिंह
फोटो सम्पादक : प्रबिन महर्जन
व्यवस्थापन : नहकुल महर्जन
प्रेस व्यवस्थापन : नविन सिंह
लेआउट : सुनिता महर्जन
सुर संसार ग्राफिक्स कर्नर
कार्यालय : किलागल, काठमाडौं-२४
सम्पर्क : ५८४१२१५२५०, ०१५५०५२५०
meroweekly@gmail.com
मुद्रण : प्रिन्ट स्काई, काठमाडौं ।

सम्पादकीय

पुनर्वासको व्यवस्था होस्

गत कात्तिक १७ गते राति जाजरकोटको रामीडाँडा केन्द्रविन्दु बनाएर ६ दशमलव ४ म्याग्निच्युटको भूकम्प गएपछि एक सय ५४ जनाको मृत्यु भएको छ भने तीन सय ४६ घाइते भएका थिए। भूकम्पबाट २६ हजार पाँच सय ५७ निजी घर पूर्णरूपमा तथा ३५ हजार चार सय ५५ घरमा आंशिक क्षति भएको थियो। यसरी भूकम्पबाट पीडित बनेका जाजरकोटबासीहरु अहिले त्रिपालमुनी बस्नु परिरहेको समाचार सार्वजनिक भएको छ । जसमा बालबालिका, जेष्ठनागरिक, सुत्केरीहरु समेत त्रिपालकै भरमा बस्नु परिरहेको छ। यसैक्रममा एक जना सुत्केरीको चिसोका कारण मृत्यु समेत भएको छ।

जनताको आधारभूत आवश्यकता पूर्ति गर्नु सरकारको पहिलो कर्तव्य हुन आउँछ। यसर्थ जाजरकोटका जनताको जनधनको रक्षा गर्नु पनि सरकारको पहिलो कर्तव्य हो। अहिले चिसो मौसम सुरु भइसकेको छ। दिनानुदिन चिसो बढ्दै जाँदा बालबालिका, जेष्ठनागरिकका साथै स्वास्थ्य अवस्था कमजोर भएकाहरु समेत प्रभावित हुने गर्दछन्। सरकारले भूकम्प गए लगत्तै घटनास्थल पुगेर स्थलगत अवलोकन गरे पनि उनीहरुको पुनर्वासका लागि लगभग एक महिना बित्न लाग्दा समेत कुनै किसिमको काम भएको देखिएको छैन। हुनत २०७२ सालकै भूकम्पबाट पीडितहरुको समेत पूर्णरुपमा पुनर्वास हुन सकेको छैन। यसरी जनताको आधार भूत आवश्यकता पूर्तिमा सरकारले देखाएको उदासिनताका कारणले पनि जनतामा व्यापक असन्तोष देखिएको छ।

भूकम्पपीडितका नाममा विभिन्न सामाजिक संस्था तथा राजनीतिक पार्टीका भातृसंगठनहरुले सहयोग संकलन थालेको छ। तर यसरी संकलित सहयोग कहिले पीडितसम्म पुग्ने हो त्यो भने यकिन हुन सकेको छैन। दैवीप्रकोपमा परेकाहरुका उद्धारकै लागि स्थापित प्रधानमन्त्री दैवीप्रकोप राहत कोषको उपयोग गरेर यथाशीघ्र पीडितहरुको पुनर्वासका लागि पहल गर्नु आवश्यक छ। जाजरकोटको भूकम्प प्रभावित क्षेत्रमा पुनर्वासका लागि अत्यन्त शीघ्र कार्य गर्नु आवश्यक छ। यसका लागि सम्बन्धित सम्पूर्ण पक्षले आ-आफ्नो क्षेत्रबाट द्रूततर रुपमा कार्य गर्नु आवश्यक छ।

सरकार गम्भीर बन्नु पर्छ

✍ कृष्णहरि देवकोटा

यतिखेर सरकारको कमजोरीका विरुद्ध आन्दोलन अगाडि बढेको छ। मंसिर ७ गतेबाट सुरु भएको आन्दोलन मागहरु पूरा नभइन्जेलसम्म अगाडि बढिरहने कुरा गरिएको छ। आन्दोलन कस्ले गऱ्यो भन्नु भन्दा नि मागहरु कस्ता हुनु भन्ने कुरामा सरकार गम्भीर हुनु जरुरी छ। सुरुमा आन्दोलन कसरी अगाडि बढ्ने हो भन्नेमा मानिसहरुको आशंका थियो। तर आन्दोलनमा मानिसहरुको सहभागिता हेर्दा भने यो आन्दोलन चानचुने भने छैन। नेपालकै ठूलो दल एमालेको भातृ संगठनको युवा संघले आयोजना गरेको भन्दा ठूलो भन्ने आम मानिसहरुको ठम्याइ रहेकोले यो आन्दोलनलाई कम आक्नु हुँदैन।

अहिलेसम्म दुर्गा प्रसाईको मात्र नेतृत्वमा आयोजना गरिएको यो आन्दोलन कुनै सशक्त दलको आयोजनामा गरिने आन्दोलन भन्दा कम ठूलो रहेन। कुनै पनि दलले औपचारिक रुपमा समर्थन नजनाए पनि बैंक र लघु वित्तबाट पीडितहरु र केही स्वतन्त्र व्यक्तिहरुको सहभागितामा मात्र उठेको आन्दोलन भएको कारण यो आन्दोलनलाई एकदमै ठूलो मान्नु पर्दछ। धर्म, राष्ट्र, राष्टियता र नागरिक बचाऊ अभियान भनिएता पनि हिन्दू धर्म र राजसंस्था पनि फिर्ता ल्याउने भन्ने आन्दोलनको उद्देश्य देखिन्छ। राजावादी दलले पनि औपचारिक रुपमा समर्थन नगरेको भएता पनि केही राजावादी व्यक्तिहरु भने आन्दोलनमा सहभागी रहेको देखियो। किनकी राजा आऊ देश बचाऊ भन्ने नारा घन्केको कारण राजावादीहरु भने धेरै नै रहेको प्रष्ट देखिन्छ। राजा ल्याउने नारा घन्कनु भनेको यो व्यवस्थाको विकल्प खोज्नु हो। जनताकै आन्दोलनले बहुदलीय व्यवस्था ल्यायो र गणतन्त्र पनि ल्यायो। २०४७ को संवैधानिक राजतन्त्रले देशको विकास गर्दैन भनेर २०५२ बाट सशस्त्र आन्दोलन गर्ने माओवादी अहिले सरकारको नेतृत्व गरिरहेको छ। सत्र हजार मानिस मारिएर आएको गणतन्त्रले पनि जनताका समस्याहरुको सम्बोधन गर्न सकेन। भन देश आर्थिक रुपले टाट पल्टी सकेको छ।

देशमा यतिखेर विकासका काम सबै ठप्प छन्। युवाहरु विदेशीको दासदासीका रुपमा बेचिएका छन्। परिवार क्षतविक्षत छ। पंचायतको पालामा खुलेका उद्योगहरु सबै बन्द छन्। स्कुल कलेज, सरकारी संस्थाहरु सबै दलहरुको भर्तिकेन्द्र बनेका छन्। नेताहरुका दासहरुले मात्र भरिएका विश्वविद्यालयहरु अहिले विद्यार्थी विहिन भै सके। सकृय जनशक्ति बाहिर भएकोले देशको हरेक व्यवसाय संकटमा छन्। कमाई हुन नसकेकोले मानिसहरु बैंकहरुको ऋण तिर्न नसकेर झुण्डिने स्थिति बनेको छ। बैंक र वित्तीय संस्थाहरु जनताका सहयोगी हुनुको सट्टा चक्रवर्ती व्याज लिने



नयाँ खालका सामन्त तथा शोषक बनेका छन्। देशमा यावत समस्याहरु छन्। सरकारमा रहेकाहरु सत्ता कसरी टिकाई राख्ने भन्नेमा छन्। जनतालाई सिद्धान्तका कुरा गरेर जनतालाई पटकपटक झुक्याएर चुनाव जितेर आए। अहिले सिद्धान्तविहिन गठबन्धन गरेर सत्तामा टिक्ने खेल मात्र रचेका छन्। जनताका समस्या समाधान गर्छौं भने तर कुनै पनि समस्याको समाधान गरेननू। हरेक सेक्टरका जनता यतिखेर समस्याले प्रताडित बनेका छन्। राज्यले जनताको अभिभावकत्व प्रदान गर्नु पर्ने हो खराव पात्रहरुको कारण जनता अविभावक विहिन बनेका छन्। प्रतिपक्ष सरकारलाई सचेत गराउँला भन्दा जनताको विरुद्धमा उत्रने गर्छ। यो कस्तो विडम्वना हो ? गणतन्त्र केका लागि हो ? नेता र उनीहरुका दासका लागि मात्र हो त ? सरकारको नेतृत्व गर्ने दलका नेता नै आन्दोलन गर्छु सडकमा लाखौं जनता उतार्छु भन्ने अनि अरुले गरेको आन्दोलन भने दवाउन खोज्ने। यो कस्तो न्याय हो ?

आजका जनता धेरै बुझ्ने भैसकेका छन्। जनता दबाउने कुरा नगर्दा हुन्छ। आन्दोलनले उठाएका मागहरु कसरी सम्बोधन गर्ने हो त्यसको लागि तयार रहन पऱ्यो। चाहे व्यक्तिले उठाओस् या दलले त्यो सम्वोधन हुन सकेन भने स्थिति झन जटील बन्दै जान्छ सरकार बेलैमा सचेत रहोस्। अब देशका जनता विदेश पठाएर रेमिट्यान्टको पैसाले देश चल्छ भन्नु मुर्खता मात्र हो। देशमा उद्योग खोल्ने, व्यवसाय चल्ने, वातावरण बनाउन तिर लागेर युवाहरुलाई देश मै रोजगारी दिने आधार तयार गर्नुपऱ्यो। यस्मा प्रतिपक्षले पनि सकारात्मक भूमिका खेल्नु पर्यो। नत्र आन्दोलन त अगाडि बढ्छ। दुर्गा प्रसाईहरु थाके छन् भने पनि अर्को नेतृत्व अगाडि बढ्छ। अहिले दुर्गा प्रसाइले अगाडि सारेका मागहरु आम जनतालाई चित्त बुझेको छ। केही नेताहरु बाहेक कांग्रेस, एमाले माओवादी समर्थक सबै जनतालाई ठीक लागेको छ। आन्दोलन अहिले नै नउठे पनि आन्दोलन दवाउन दुष्प्रयास गरेमा कुनै पनि बेला आन्दोलनले उग्र रुप लिन सक्छ। श्रीलंकामा जस्तै नेताहरु भाग्नु पर्ने स्थिति आउन सक्छ। नेताहरुमा अब त चेत आउनु पर्छ। आन्दोलनकारीहरुलाई बेलैमा वार्तामा ल्याएर मागहरु पूरा गर्न सबै पक्षले तत्परता देखाउनु पर्दछ।

देशको अवस्थालाई राम्ररी नियाल्दा के देखिन्छ भने जनता परिवर्तन खोजिरहेका छन्। सत्ताधारीले त बुझेन बुझेन प्रतिपक्षले पनि जनताका समस्या बुझ्न सकेन। प्रतिपक्षले पनि जनताका समस्यालाई बुझेर व्यवहार गर्न जानेन र सत्ताधारीको जस्तै व्यवहार गर्छ भने सत्ताधारीसँगै सती जाने स्थिति आउन सक्छ। युवा संघले सात गते गरे जस्तो गल्ती अब नदोहोऱ्याउनु हितकारी हुन्छ। गणतन्त्र जोगाउने ठेकेदारी तिम्रो मात्र हैन। गणतन्त्रले जनतालाई के दियो ? राष्ट्रको कति हित गऱ्यो ? कतिलाई रोजगारी दियो ? के गरिवी हटाउन सक्यो ? देशमा शान्ति अमनचयन ल्यायो त ? महंगी कत्तिको नियन्त्रण गऱ्यो ? विकासको रफ्तार कति बढायो ? देशलाई सम्पन्न बनाउने कति कामको थालनी गऱ्यो ? जनताको थाप्लोमा चढेको ऋण कति कम भयो ? यो कुरा युवा संघले अव बुझ्नु पऱ्यो।

गणतन्त्र जोगाउने ठेक्का लिने मात्र हैन जनताका समस्या समाधान कसरी गर्ने भन्ने बारेमा चिन्तन गर्नु पऱ्यो। प्रतिपक्षले पनि काम नगरेका कारण दुर्गा प्रशाईहरु जन्मन पुगेको यथार्थतालाई स्वीकार्नु पऱ्यो। गणतन्त्रले के गऱ्यो त ? जनताको जनजीविकालाई सहज बनायो त ? यो गणतन्त्रले मात्र त केही नगर्दो रहेछ। परिवर्तन त देशमा धेरै भए नी ७ साल, १७ सालमा, ३६ मा, ४७ मा। ६३ मा त राजतन्त्र फालेर गणतन्त्र नै ल्याइयो तर के फरक भयो त जनताको जनजीविकामा ? एक तन्त्र, दलीय तन्त्र, राजतन्त्र, गणतन्त्र सबै देखे नेपाली जनताले। यी सबै परिवर्तन त जनताकै बलमा आएका थिए। परिवर्ततन पछि त जनताको जीवन फेरिनु पऱ्यो नी त्यो हुन सकेन। केही नेता, केही कर्मचारी, केही व्यपारीको जीवनस्तर बदलियो होला। आम जनताको अवस्था त फेरिएन नि। अबको आन्दोलनले जनताको अवस्था फेरिनु पऱ्यो। जनताको मुहारमा मुस्कान ल्याउनु पऱ्यो।

राजोपाध्याय गायन प्रतियोगीता सम्पन्न

• **मेरो संवाददाता**

ललितपुर/राजोपाध्याय समाज भित्रका गायन प्रतिभाको खोजी अन्तर्गत गरिएको गायन प्रतियोगीतामा सक्षम शर्मा राजोपाध्याय विजयी भएका छन् ।

राजोपाध्याय समाजको आयोजनामा शनिबार ललितपुरमा सम्पन्न प्रतियोगीताको फाइनल राउन्डमा सक्षमले अंकित अमरु श्रेष्ठको 'लजाएर एक्लै बसेकी किन मायालु' गीत गाउँदै प्रथम स्थान हासिल गर्न सफल भएका हुन् ।

त्यसैगरी प्रतियोगीतामा सुभिया राजोपाध्याय दोश्रो भइन् भने सौरभ राजोपाध्यायले तेश्रो स्थान हासिल गरे । सुभियाले क्रमशः नेपालको 'मेरो माया' गाएकी थिइन् भने सौरभले १९७४ एडि ब्यान्डको 'परेलीमा लुकाइराख न' गाएका थिए । विजयी प्रतियोगीतीहरुलाई निर्णायक मण्डलका सदस्य कलानिधि इन्दिरा संगीत महाविद्यालयका प्रिन्सिपल, गायक धनबहादुर गोपालीले ट्रफि प्रदान गरे । नगद पुरस्कार भने पौष महिनामा आयोजना गरिने समाजको वार्षिक साधारण सभामा प्रदान गरिने समाजका अध्यक्ष संजय शर्मा राजोपाध्यायले जानकारी दिए । प्रथम, दोश्रो र तेश्रो हुनेलाई क्रमशः रु. दश हजार, रु. सात हजार र रु. चार हजार नगद पुरस्कारको व्यवस्था गरिएको समाजले जनाएको छ ।

विजेताहरुको नाम निर्णायक मण्डलका सदस्य गोपालीले घोषणा गरेका थिए । सो क्रममा गायक गोपालीले विगतमा कला क्षेत्रलाई हेयको दृष्टिले हेर्ने गरिएकोमा अहिले यो क्षेत्र पनि सम्मानित बनेको भन्दै अभिभावकले आफ्ना सन्तानलाई कला क्षेत्रमा अग्रसर हुन प्रोत्साहन दिन आग्रह गरे । निर्णायक मण्डलमा गोपालीको साथमा संगीत संयोजक, क्लासिकल गितारिस्ट भुपेन्द्र बज्राचार्य र नेपालका पहिलो हवाइन गितारिस्ट ईश्वर जोशी रहेका थिए ।

कार्यक्रममा गायक सुरजबीर बज्राचार्य, निर्णायक मण्डलका सदस्य साथै संगीत संयोजक र गायक भुपेन्द्र बज्राचार्यको पनि प्रस्तुति रहेको थियो । साथमा मुनिन्द्र ज्वालानन्द राजोपाध्याय र विनित ज्वालानन्द राजोपाध्यायले सारंगी र बाँसुरी वादन प्रस्तुत गरेका थिए ।

कार्यक्रम संयोजक साथै समाजका संस्थापक अध्यक्ष बदन ज्वालानन्द राजोपाध्यायले समाज भित्र लुकेर बसेका प्रतिभा उजागर गर्न कार्यक्रमको आयोजना गरिएको बताए । प्रतियोगीताको लागि अडिसन भने २०७६ फागुन १७ गते नै सम्पन्न भइसकेको थियो । कोरोना महामारी, डेंगुको प्रकोप लगायत विविध कारणले फाइनल प्रतिस्पर्धा ढिला हुन गएको कार्यक्रम संयोजक राजोपाध्यायले जानकारी दिए ।

संस्कृतिकर्मी लाछिको ७५ औं जन्मोत्सव

• **मेरो संवाददाता**

मध्यपुर थिमि/मध्यपुर थिमि वडा नं. ६ चपाचो निवासी संस्कृतिकर्मी गणेशराम लाछिको ७५ औं जन्मदिवस स्थानीय न्यू एभरेष्ट पार्टी प्यालेसमा मनाइयो । विनायक शिक्षा निकेतन ई.से. स्कुल, अक्षरमार्ग प्रकाशन, मध्यपुर कला परिषद् र ख्यालिगुलु गुथिको संयुक्त आयोजनामा भएको कार्यक्रममा प्रमुख अतिथि बागमती प्रदेशका कृषि तथा पशु पन्छी विकास मन्त्री डा. राजेन्द्रमान श्रेष्ठले नेवाः परम्परा अनुसार सगुन दिई लाछिको ७५ औं जन्मदिवस मनाइयो ।

सन्तकुमार प्रजापतिको सभापतित्वमा भएको कार्यक्रममा विनायक शिक्षा निकेतन ई.से. स्कुलका प्रिन्सिपल सुरेन्द्रविक्रम प्रजापतिले स्वागत गर्नु भएको थियो भने ख्यालिगुलु गुथिका सचिव हृदयप्रसाद मिश्रले लाछिको जीवनको बारेमा प्रकाश पार्नु भएको थियो ।

कार्यक्रममा विशेष अतिथि मध्यपुर थिमि नगरपालिकाका नगरप्रमुख सुरेन्द्र श्रेष्ठ, उपप्रमुख विजयकृष्ण श्रेष्ठलगायतले शुभकामना मन्तव्य दिनुभएको थियो । कार्यक्रममा अक्षरमार्ग प्रकाशनद्वारा प्रकाशित कर्मयोगी गणेशराम लाछि पुस्तक विमोचन गरिएको थियो । अक्षरमार्ग प्रकाशनका सम्पादक सूर्यप्रसाद लाकौलले संचालन गर्नुभएको कार्यक्रममा मध्यपुर थिमिका विभिन्न क्षेत्रका प्रभुत्ववर्ग र सांस्कृतिककर्मी, साहित्यकार र समाजसेवीहरुको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा लाछिका जेष्ठ पुत्र सन्तोषराम लाछिले सांस्कृतिक, साहित्यिक, कला संस्कृति र भाषा एवं मूर्त अमूर्त सम्पदामा योगदान गर्नेलाई सम्मान र पुरस्कृत गर्न रू. १० लाखको अक्षयकोष स्थापना गर्ने घोषणा गर्नुभयो ।

राम प्रजापति
प्रोप्राइटर
हारती मिठाई भण्डार
(शुद्ध शाकाहारी)
कालिमाटी चोक, टंकेश्वर मार्ग, काठमाडौं ।
फोन नं. : ५३७२१९९, मो. ९८०३९८०६९९
यहाँ :- विवाह, व्रतबन्ध, पार्टी, पिकनिक तथा अन्य शुभकार्यको लागि अर्डर अनुसार मिठाईको व्यवस्था गरिन्छ ।

गायिका कोमल वलीकी आमा दीपा वलीको नाममा अक्षयकोष

• **मेरो संवाददाता**

काठमाडौं/गायिका कोमल वलीको परिवारले स्व. आमा दीपा वलीको नाममा २० लाख रुपैयाँको अक्षयकोष स्थापना गरेको छ । आमाको सम्झनामा दाङका छात्राहरुलाई अध्ययनका लागि सहज होस् भन्ने हेतुले यो अक्षयकोषको स्थापना गरिएको गायिका वलीले बताइन् ।

अक्षय कोषबाट दाङ जिल्लाका थारु समुदाय र दलित समुदायका छात्राहरुलाई पढ्न छात्रवृत्ति प्रदान गरिने गायिका वलीले बताइन् । 'एक जना थारु समुदाय र एक जना दलित समुदायबाट गरेर कक्षा ८ बाट उच्च शिक्षासम्मका लागि अध्ययनमा सहज होस् भनेर सम्पूर्ण खर्च यो ट्रष्टले व्यहोर्ने छ,' वलीले बताइन् ।

'आमाले पढ्न पाउनु भएन,' उनले भनिन्, 'स्कुल जान नपाए पनि आमामा राम्रो राजनीतिक तथा सामाजिक चेत थियो, छोरीहरुले पनि पढ्नु पर्छ भनेर हामीलाई सधैं पढ्न हौसला प्रदान गर्नुहुन्थ्यो ।' आमाले सबैका छोरी पढ्नु पर्छ भन्ने गरेको र उहाँको नाममा स्थापित यो कोषले आर्थिक अभावमा अध्ययनबाट वन्चित छोरीहरुलाई सहयोग गर्ने विश्वास आफूले लिएको वलीले बताइन् ।

त्यस्तै, वली परिवारले वर्षेनी आमाको स्मृति दिवसको अवसर पारेर एक जना महिला नेतृलाई सम्मान गर्ने पनि घोषणा गरेको छ । राजनीतिमा लागेर कुनै लाभको पदमा नपुगेका ६० वर्षमाथिका महिलालाई 'दीपा वली स्मृति सम्मान'बाट सम्मान गरिने गायिका वलीले बताइन् ।

आफ्नी आमा पञ्चायतकालीन समयमा नै महिला संघमा सक्रिय रहेर नगर उपाध्यक्षसम्म बनेर काम गरेको स्मरण गर्दै वलीले भनिन्, 'आमा राजनीतिमा महिलाको सहभागिता हुनुपर्छ, त्यसले परिवार र समाज दुवैलाई उन्नत बनाउन र चेतना फैलाउन सहयोग गर्छ भन्नुहुन्थ्यो । उहाँकै यही विश्वासलाई आधार बनाएर हामीले यो सम्मान वर्षेनी दिने योजना बनाएका हौं ।'

दीपा वली र उनका श्रीमान ललित वलीको नाममा स्थापित दीपा-ललित ट्रष्टले छात्रवृत्ति र सम्मानको कार्यक्रमको कार्यविधि बनाएर कार्यान्वयन गर्ने र पहिलो वार्षिकीमा यो वितरण गरिने पनि वलीले जानकारी दिएकी छिन् ।

कोमल वलीको चर्चित गीत 'मलमल किरी जुनकिरी'लगायत २ दर्जनभन्दा बढी गीतकी रचनाकारसमेत रहेकी दीपा वलीको मंसिर २ गते काठमाडौंमा निधन भएको थियो ।

नेवाः एफएम १०६.६ मेगाहर्जय्
हरेक बिहिवार
न्यनादिसँ, न्यंकादिसँ, ब्वति कयादिसँ
जि नं म्ये हालेसः
थीथी सिरपाः त्याका दिसँ ।
ब्वतिया निंतिं फोन ल्याः
०१४३३४२२२

Newa FM 106.6 MHz
नेवाः सः
नेवाः एफएम १०६.६ मेगाहर्ज
न्हिच्छि-चच्छि
२४ घन्टा प्रसारण
विश्व न्यंकं प्रत्यक्ष : newafm.com.np
नेपालभाषा एकेदेमिया निंतिं
अनक मिडिया प्रा. लि.
न्यामासिमा, किप-२, ललितपुर ।
फोन ल्याः ४३३७०२१, ४३३४२००
इ-मेल : ankmedia.newafm@gmail.com

कार्तिक नाच : बराह अवतार

किपा : रत्न कृष्ण श्रेष्ठ

ज्यापु महागुथि नेपाः संस्थागत विकासया लँपुई - ४

✍ जजभाई डंगोल



केन्द्रिय दुजः, ज्यापु महागुथि नेपाः

झी ज्यापुतय्गु पहिचान धैगु झीगु संस्कृति खः। झीगु गुथि व्यवस्था खः। झीगु आर्थिक अवस्था उच्चस्तर मजूसां सामान्य रुपं मजबुत जुयाच्वंगु दु। म्हिगया झीगु पुँजी धैगु जग्गा जमिन खः। गुथिनाप आवद्ध जुया थःगु संस्कृति, संस्कार, रीतिथिति हनाः मंका जीवन हना वया च्वंगु खः। थौया परिवर्तित अवस्थाय् म्हिगया ज्ञान, सीप व सामुहिकता (मंका ज्या) ग्वाहाली झीत मयाय् धुंकल। आर्थिक अवस्था मजबुत जुइत झीके उपयुक्त शिक्षा माः। बजारय् प्रतिस्पर्धा यायेत उचित सीपया नापं सूचना साक्षरता व सूचना प्रविधि दक्षता दयेकेमाः।

७.२ महागुथिं यानाच्वंगु ज्याइवः

ज्यापु महागुथि यैं महानगर तदर्थ समितिया आयोजनाय् २०५२ आश्विन ७ गते थीथी त्वाःया नायःपिं, बौद्धिक व्यक्तित्वपि व सदस्यपिनिगु छगु सहलह मुज्या जुया ज्यापु समाजया (क) शक्ति, (ख) कमजोरी, (ग) अवसर व (घ) वाधा अडचन छु छु खः धैगु बुंदागत छलफल याना वःगु निष्कर्षयात ध्यानय् तयाः महागुथि भावी कार्यक्रम तयार याःगु खः। (जुजुभाई डंगोल, भाजु राम बहादुर डंगोल छम्ह बहूआयामिक व्यक्तित्व। यैं : *रामबहादुर डंगोल स्मृति ग्रन्थ,* २०७९। पेज १०५)

वि.सं. २०७४ सालय् एकीकृत संयुक्त साधारण सभाय् सत्य नारायण डंगोलपाखे भावि कार्यक्रम प्रस्तुत याना दिल। (*ज्यापु महागुथि नेपाः केन्द्रिय समिति एकीकृत अधिवेशन लुमन्ति पौ ११४३,* अनुसूची ३)। उगु भावि कार्यक्रम दुने (१) सामाजिक व स्वयम् सेवा, (२) शिक्षा, (३) स्वास्थ्य, (४) आर्थिक, (५) सांस्कृतिक व धार्मिक, (६ कृषि व वातावरण, (७) कानून, (८) अतिरिक्त क्रियाकलाप) (९) मिसा व मचा, (१०) यातायात, (११) संचार/प्रचार प्रसार, (१२) बौद्धिक पेशाकर्मी, (१३) भूमि, निर्माण व प्राविधिक, (१४) विज्ञान व प्रविधि, (१५) अनुसन्धान/प्रकाशन, (१६) राजनीतिक व (१७) जेष्ठ नागरिक सेवा कवः गठन याना थीथी ज्याः यायेगु तातुना तगु खः। उगु कार्यक्रम कथं ज्यापु महागुथि नेपाःया केन्द्रिय समिति तव्याःयाना ३३ म्हः दुगु कार्य समिति गठन यायेगु प्रस्ताव जक कार्यान्वयन जुगु खनेदु।

मूछ्यान्जे मचाराजा महर्जनपाखे प्रस्तुत ज्यापु महागुथि नेपाः केन्द्रीय समितिया प्रगति प्रतिवेदन (*लुमन्ति पौ ११४३,* पेज २७–३४) उला तःकथं महागुथिया थःगु कार्यक्रम (बार्षिक वा दीर्घकालिन योजना) उल्लेख जुगु मदु। इलय् व्यलय् समाजं ब्वलंगु समयसापेक्ष मुद्धाय् सरोकार (समर्थन/विरोध) क्यना सहभागी जुगु ज्याः जक दु। उदाहरणया लागि,

(क) वर्ल्ड नेवाः अर्गनाइजेशनया तःमुज्याया लसताय् नेपाः च्याप्टरपाखें न्ह्याकूगु वृहत सांस्कृतिक च्याली व्यति काःगु,

(ख) गुथ विधेयक २०७५ या विरुद्धय् विज्ञप्ति जारी व २०७६ जेठ ३२ गते वृहत जुलुसय् सहभागी जूगु,

(ग) नेपाल खड्गी सेवा समितिं न्ह्याकुगु तःमूज्याया लसताय् अन्तर जातिय फुटसल कप धेधे बल्ला कासा सहभागी जूगु,

(घ) भारत सरकारपाखें कालापानी व लिपुलेक भूभाग भारतया नक्साय् दुने लाकुगुयात कया विरोधया विज्ञप्ति पिकाःगु,

(ङ) काठमाडौं महानगरया आर्थिक सहयोगय् २०८० जेठ २७ गते खुल्लामंचय् करीव प्यसः कलाकारया सहभागिता नेपाल अर्केष्ट्रा कार्यक्रम जूगु।

अल्पकालिन। ज्याइवः न्ह्याकेत बजेटया व्यवस्था यायमाः (आन्तरिक वा बाह्य स्रोतं)। बार्षिक प्रगति प्रतिवेदनया नापं आर्थिक प्रतिवेदन (लेखा परीक्षण) तयार जुइमा। थथे मयाय्कं मगाःगु अनिवार्य ज्याय् झीगु महागुथिया ध्यान वंगु खनेमदु। च्वय् न्ह्यथना थें, २०७४ सालय् प्रस्तुत याःगु भावि कार्यक्रमयात कयाः महागुथिपाखे कार्यान्वयन यायगु लागन खः छलफल तक नं जूगु मदु। छाय् थय् जुल ? दुग्यंक छलफल जुइमाः। केन्द्रीय समितिया जःपिनि दथुइ हे थथे प्रस्तुत याःगु कार्यक्रमयात अपनत्व काःगु खनेमदु। केन्द्रीय समितिपाखे थःगु कार्यक्रमया बारे थीथी लागा समितियात जानकारी व्यूगु नं मदु अले लागा समितिपाखें कायगु कुतः यागु नं मदु।

थ्व यथार्थतायात वाःचायेका आः न्हगु केन्द्रीय समितिपाखें थौंया ईयात ल्वय्क महागुथिया कार्यक्रम तर्जुमा यायेमाः। न्हुगु कार्य समिति दुने कार्यक्रम तर्जुमा यायूत सक्षम

२०७८ मंसिर २८ गते ज्यापु देय् छें निर्माण यायूत चःमति जग्गा एकीकरण आयोजना दुनेलागु विजेश्वरी–स्वयम्भु मार्गया बैलोचन तीर्थ नाप च्वंगु क्षेत्रफल ११२.७१ वर्ग मिटर जग्गा न्यूनतम मूल्य रु.७६,०३,५६५ पुला न्यायेत सफल जुल। उगु जग्गा भवन निर्माण यायेत काठमाडौं महानगरपालिका पाखे २ करोड बजेट निकासा याना ५ तल्लाया अंतिम ढलानया ज्या नं सम्पन्न जुइ धुंकल। तर, दुःखया खँ, थुगु जग्गा न्यायूत छम्ह व्यक्तिया जग्गा धरौती तया त्यासा कया ज्या जुगु व उगु त्यासा कयातगु दां पुले मानिगु अवस्था दु।

महागुथिया खने दुगु प्रगति धैगु भौतिक (भवन) संरचना दयकेत सफल जुल। २०७८ मंसिर २८ गते ज्यापु देय् छें निर्माण यायूत चःमति जग्गा एकीकरण आयोजना दुनेलागु विजेश्वरी–स्वयम्भु मार्गया बैलोचन तीर्थ नाप च्वंगु क्षेत्रफल ११२.७१ वर्ग मिटर जग्गा न्यूनतम मूल्य रु.७६,०३,५६५ पुला न्यायेत सफल जुल। उगु जग्गा भवन निर्माण यायेत काठमाडौं महानगरपालिका पाखे २ करोड बजेट निकासा याना ५ तल्लाया अंतिम ढलानया ज्या नं सम्पन्न जुइ धुंकल। तर, दुःखया खँ, थुगु जग्गा न्यायूत छम्ह व्यक्तिया जग्गा धरौती तया त्यासा कया ज्या जुगु व उगु त्यासा कयातगु दां पुले मानिगु अवस्था दु।

७.३ महागुथिं यायेमाःगु ज्या

संस्थाया विधान कथं यायमाःगु ज्या मध्ये महत्वपूर्ण ज्या खः – संगठन विस्तार – सदस्यता वृद्धि यायेगु थ्व नियमित प्रक्रिया खः। संस्थायात जीवन्तता विइगु धैगु संस्था न्ह्याका च्वनिगु ज्याइवः खः। संस्थाया उद्देश्ययात पूर्वकेत थीथी कथंया ज्याइवः दयकेमाः – दीर्घकालिन व व्यक्तित दु। पुंलागु पुस्तायात लुमंका न्हुगु (युवा) पुस्तायात लक्षित याना कार्यक्रम तर्जुमा जुइमा। थुकिया लागि, थीथी लागा समिति पाखें थगु क्षेत्रया सरोकार व्यक्तिपि नापं च्वना सहलह व्याके माल। बार्षिक कार्यक्रम दयका केन्द्रीय समिति जानकारी विइमाल। थीथी लागा समिति पाखें वगु कार्यक्रमयात समन्वय याना केन्द्रीय स्तरया कार्यक्रम दयकेगु जिम्मेवारी केन्द्रीय समितियागु खः।

अन्तय्, लुमन्ति पौं ११४३ लय् दुथ्यागु डा. पंच नारायण महर्जनया यें देयया राजनीति ज्यापुतय् अवस्था (पेज ४७–४९) या लेखय् उल्लेख जूगु खँ न्ह्यब्वया च्वना : राजनीति धैगु शक्ति खः। दक्व खँया निर्णय राजनीतिं याइ। सुयांगु ल्हातय् शक्ति लात व सर्वेसर्वा जुइ। .....राजा त्रिभुवनयात राजनीतिक शिक्षा व्यूम्ह छम्ह व्यक्तिया थ्व जाति – ज्यापु जाति राजनीतिक ख्यलय् तसकं ल्यूने लाःवन। .... राष्ट्रिय राजनीतिइ मू भूमिका म्हितेमाःपिनिगु थज्याःगु दयनिय अवस्था धैगु छगू तसकं बिचाः यायेमाःगु स्पष्ट जू।

क्वचाल।

नेपालभाषा सिकौं/नेपालभाषा सयेके - १०६

खँग्वः	नेपालभाषा अर्थ	नेपाली अर्थ
गारय् जुये, क्रि. (ल)	१. इवकनिये।	निकृष्ट मरण हुनु।
	२. सराः बी बलय् बल बा बनया अर्थय् इवकनिये।	आउनु, जानु वा पुग्नु अर्थमा सराप्दा मरेस् भन्ने अर्थमा भन्ने।
गारय् याये, क्रि. (त)	१. तमं धेग्रिक मिंक फेतुके।	रिसले थचार्नु।
	२. सीगालय् थुने।	गाड्नु।
गालि, सं. (-गू)	गाल्सा, गालेगु भः।	पंखा।
गालिने, क्रि.	१. गाले, गाला गाला याये।	हम्कनु।
	२. मिया जः सितिकं वने।	आँच वा राप खेर जानु।
गालिं, सं.	१. = गालि।	
	२. मिजला सितिं वनेगुया भाव।	आँच सितै जानु।
गालिं वने, क्रि.	मिजला सितिकं वने।	आगोको राप खेर जानु।

इयालिंचा

वाफय् वयाच्वंगु चान्हय् बाचा इलय् छैंय् घण्टि ब्यूगुलिं कलाःया न्ह्यलं चाल अले भाःतयात थनाः धाल - "स्वः झासँ सा, थुलि चान्हय् सुनां घण्टी ब्यूगु।"

भाःतम्ह वनाः खापा चायेका स्वल। पिने छम्ह मनू दनाच्वन, ह्वास्स अयूलाः नवःम्ह। वं अयूलाखं कःगु सः पिकाना धाल - "दा....ई..... छिगु ग्वाहालि माःगु दु, छकः घ्वाना बियादिसँ साः !"

भाःतम्हेसित तसकं तं वल अले धाल - "आः हाकनं घण्टी बिल कि बांलाइ मखु।"

थथे धयाः वं खापा ध्याम्म तिनाः द्यं वन। कोठाय् कलाःम्हं "सु वःगु" धकाः न्यन।

भाःत - छम्ह अयूलागुलु वःगु का, घ्वाना ब्यु धाः वयाच्वंगु, शायद उयागु गाडी स्यंगु जुइ !

कलाः - छिं गाडी घ्वाना बिया ला ले ?

भाःत - चान्हय्सिया निता इलय्, वनं थन्यागु वाफय् वयाः ख्युंसे च्वंबले, छु जिं आः व अयूलाःगुलुया गाडी घ्वाः वनेगु ला ?

कलाः - छु जुल ले ? व नं ला मनू हे खः नि ! ग्वाहाली दै धयागु गुलि आस याना वं झीगु छैंय् घण्टी ब्यूगु जुइ। वया नं छैंय् कलाः मचाखाचा दइ, उयागु छैंजःपिं पिर काया पिया च्वन जुइ। झासं उयात ग्वाहालि याना ब्यु।

कलाःया खँ न्यनाः भाःतम्ह हाकनं छैंय् पिने वन।

पिने अझ तसकं वा वयाच्वन, झन खिउँया छुं नं खने मदु !

भाःतम्ह तसलं सः बिल - भाइ छ अझं थन दनि ला ? भाइ यात ग्वाहालि मानिला ?"

मेखे पाखें ग्वाहाली मानिगु पहलं सः वल " मानी ".....

भाःत हाकनं तःसलं - बरु छि गन थें, खने मदु !

मेखें सः वल - जि थन बगैंचाय् हुसुलुं (पिङ्ग)य् च्वना च्वनागु दु। छकः घ्वाना बियादिसँ।

इनाप

हनेबहःपिं नेपालभाषाह्यमि रचनाकार भाजुमय्जुपिं !

मेरो साप्ताहिकया नेपालभाषा पौया निंतिं छिकपिनिगु मूवंगु च्वसु बियाः ग्वाहालिया निंतिं इनाप यानाच्वना। नेपालभाषा, सा हित्य, इतिहास, धर्म, संस्कृति सम्बन्धी च्वसुयात थुगु पतिइ विशेष प्राथमिकता बीगु जुइ। लिसें थुगु पौयात च्वन्ह्याकेगु निंतिं छिकपिनिगु सल्लाह सुझावया नं अपेक्षा यानाच्वना।

स्वापू :

९८४१२१५२५०, meroweekly@gmail.com

बागमती प्रदेश सरकारलाई धन्यवाद ज्ञापन

• **मेरो संवाददाता**

टिष्टुङ्ग/हलिं नेवाः गुथि मकवानपुर ज्यासना पुचः र नेपाल तामाङ्ग घेदुङ्ग संघ थाहानगर समितिको संयुक्त आयोजनामा बाराही चौर (साख्यः)मा नेपालभाषा र तामाङ्ग भाषालाई सरकारी कामकाजी भाषाको रुपमा प्रयोग गर्न पाउने विधेयक पारीत गरिएको उपलक्ष्यमा धन्यवाद ज्ञापन तथा शुभकामना आदानप्रदान र शहीद सम्मान कार्यक्रम हलिं नेवाः गुथिका जिल्ला संयोजक विजय मल्लको अध्यक्षता भएको हो। सो कार्यक्रममा प्रमुख अतिथि बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले नेपालभाषा र रंजना लिपिको माध्यमबाट नै नेपाल संयुक्त राष्ट्र संघमा दर्ता भएको बताउनु भयो।

कार्यक्रमम विशेष अतिथिका रुपमा बागमती प्रदेशका सामाजिक विकास मन्त्री कुमारी मोक्तानका साथै थाहा नगरप्रमुख विष्णु बहादुर विष्ट, हलिं नेवाः गुथिका संरक्षक शान्तप्रकाश श्रेष्ठ, हलिं नेवाः गुथिका केन्द्रीय अध्यक्ष विनोद महर्जन, उपप्रमुख भरत गोपाली, पूर्वपर्यटन राज्यमन्त्री दिलीप महर्जन, टिष्टुङ्ग बज्रबाराही नेवाः पुचःका अध्यक्ष हरिगोपाल श्रेष्ठ, थाहा नपा १ वडाका अध्यक्ष हेरमान गोपाली, ४ वडाका अध्यक्ष नारायण स्याङ्तान, ६ वडाका अध्यक्ष राजेन्द्र भक्त श्रेष्ठ, ११ वडाका दिनेश वल, हलिं नेवाः गुथि सांस्कृतिक संरक्षण अभियानका श्रीकृष्ण महर्जन, हलिं नेवाः गुथि दाह संस्कारका विश्वमान श्रेष्ठ, नेपाल तामाङ्ग घेदुङ्ग संघका दिपक लामा, मंगल लामा, थाहा नगर माओवादी केन्द्रका अध्यक्ष विनोद लामालगायतको उपस्थिति रहेको थियो। कार्यक्रममा टिष्टुङ्ग बज्रवाराही नेवाः पुचःका अध्यक्ष हरिगोपाल श्रेष्ठबाट बज्रवाराही मन्दिरको पछाडीपट्टी रहेको वाराही जंगलको सिरानमा वाराही अजिमाको विशाल मूर्ति निर्माण गर्न बागमति प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई निवेदन हस्तान्तरण गरियो।

थाहा नगरभित्रका ४ जना शहिद परिवारलाई दोसल्ला ओढाइ प्रभाव पत्र सहित सम्मान गरियो। कार्यक्रम हलिं नेवाः गुथिका सहसचिव निराजन गोपालीले संचालन र नेपाल तामाङ्ग घेदुङ्गका थाहा नगर अध्यक्ष दीपक लामाले स्वागत गर्नुभएको थियो।

धर्मस्थलीमा क्षमता अभिवृद्धि तालिम

• **केके मानन्धर**

काठमाडौं/काठमाडौंको तारकेश्वर नगरपालिकास्थित धर्मस्थलीमा क्षमता अभिवृद्धि तालिम सोमवार सम्पन्न भएको छ। स्थानिय महिला तथा युवाहरुको क्षमता विकास गराएर दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले तालिम कार्यक्रमको आयोजना गरिएको धमाथू नेवाः ग्वहालि पुचःले दाबी गरेको छ। उद्घोषण, संस्थागत संरचना सम्बन्धिको ज्ञान र सिलसिला मिलाएर आकर्षक ढंगले बोल्ने शैली सिकाउन एक हप्ते तालिम सञ्चालन गरेको हो। सञ्चारकर्मी केके मानन्धरले तालिम कार्यक्रममा सहजिकरण

गरिरहेका छन्। तालिम कार्यक्रमलाई उद्घाटन गर्ने क्रममा समाजसेवी श्रीकृष्ण मानन्धरले स्थानिय महिला तथा युवाहरुको सीप, क्षमता र दक्षता अभिवृद्धि गराउनुपर्नेमा जोड दिए।

बालाजुदेखि ४ किलोमिटरको दूरीमा अवस्थित ग्रामसेवा माध्यमिक विद्यालयको सभाहलमा मंसीर ५ देखि सञ्चालन भएको तालिममा १५ जना प्रशिक्षार्थी सहभागी थिए।

धमाथू नेवाः ग्वहालि पुचः सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न गतिविधि सञ्चालन गर्न स्थापना गरिएको समूह हो।



खगेन्द्र संग्रौला सम्मानित

• **बाबुकाजी श्रेष्ठ**

मध्यपुर थिमि/स्व. वैकुण्ठहरि श्रेष्ठ स्मृति प्रतिठानले प्रगतिवादी साहित्यकार, समालोचक, वरिष्ठ लेखक खगेन्द्र संग्रौलालाई स्व. वैकुण्ठहरि श्रेष्ठको ९० औं जन्मजयन्तीको अवसरमा सम्मान गरेको छ।

प्रतिष्ठानका अध्यक्ष श्यामकृष्ण श्रेष्ठको सभापतित्वमा भएको कार्यक्रममा प्रमुख अतिथि प्रगतिवादी साहित्यकार एवं प्रगतिशील कवि योगेन्द्र प्रधानले पानसमा दीप प्रज्वन गरी उद्घाटन गरिएको उक्त कार्यक्रममा लामो समयसम्म नेपाली जनतालाई प्रगतिवादीको चेतना आगृत गर्ने, समाजको कुरितिलाई बदल्न र हक अधिकारका लागि आवाज बुलन्द गर्ने प्रेरणा दिने प्रगतिवादी साहित्यकार खगेन्द्र संग्रौलालाई रू. ५१ हजार नगद पुरस्कार सहित दोसला ओढाई सम्मान गरिएको थियो।

कार्यक्रममा कवि मातृका पोखरेल, मध्यपुर थिमि नगरपालिकाका पूर्व नगरप्रमुख मदनसुन्दर श्रेष्ठ र ४ नं. वडाध्यक्ष बालकृष्ण पात्या श्रेष्ठले मन्तव्य राख्दै साहित्यकार संग्रौलाको बारेमा चर्चा गरेका थिए। "स्व. वैकुण्ठहरि श्रेष्ठको सिद्धान्त र पथमा लाग्नु आजको आवश्यकता हो" उहाँले भन्नभयो। अहिले देश र राष्ट्र खतरामा छ, पूँजीवाद र साम्राज्यवादको चरम हावी हुँदै गएको छ, त्यसै हामी प्रगतिवादीहरुले सचेतना फैलाउनु पर्ने खाँचो छ त्यसैले प्रगतिवादी पक्षलाई बलियो बनाउनु पर्नेमा जोड दिनुभयो।"

प्रतिष्ठानका सचिव कृष्णमोहन जोशीले कार्यक्रम संचालन गर्नु भएको थियो भने सोही दिन बिहान मध्यपुर थिमि निगूपुखू (दुईपोखरी)मा रहेको स्व. वैकुण्ठहरि श्रेष्ठको प्रतिमामा माल्यार्पण गर्नुभएको थियो। उक्त माल्यार्पण कार्यक्रममा प्रतिष्ठानका कार्यसमिति सदस्यहरु, गण्यमान्यवर्ग, वडा नं. ४ का वडाध्यक्ष बालकृष्ण श्रेष्ठ, कृष्णलाल गोजा श्रेष्ठलगायत सहभागिता रहेको थियो।

भूकम्पपीडितलाई सहयोग संकलन जारी

काठमाडौं/आचार्य बन्धु समाज नेपालले जाँजरकोट रुकुमका भूकम्पपीडितका लागि सहयोग गर्न आन्तरिक रुपमा रकम संकलन तीब्र बनाएको छ । समाजले रकम संकलनका लागि आचार्य बन्धु समाज नेपालको खाता विवरणहरु सार्वजनिक गरेको छ। अहिलेसम्म समाजमा भूकम्पपीडितका लागि सहयोग गर्नेहरुको नामावली रकमसहित समाजले सार्वजनिक गरेको छ। बिश्वभरका कौडिन्य गोत्रीय आचार्यहरुबाट अहिलेसम्म जम्मा २८ हजार ४५९ रुपैयाँ संकलित भएको सार्वजनिक गरेको हो। केहीदिनमा नै नेपाल सरकार तथा सरोकारवाला र सुरक्षा निकायसँग सल्लाह गरेर भूकम्पपीडितका लागि सहयोग हस्तान्तरण गर्ने समाजका केन्द्रीय अध्यक्ष बाबुराम आचार्यले बताएका छन्।

जति सकिन्छ सहयोग गरौं, मानवीय कार्यमा शंका नरौं भन्ने नाराका साथ समाजले पारदर्शी हिसावले संकलन र बितरण कार्य गर्ने केन्द्रीय सदस्य राजहरी आचार्यले बताए। सिंधुली काठमाडौं सम्पर्क समितिका सभापति एबम् सहयोग संकलन समितिका सदस्य अमृत आचार्यले पारदर्शी तरीकाले पीडितलाई सहयोग गरिने हुँदा उक्त अभियानमा सहभागी हुन बिश्वभरका आचार्यहरुलाई आग्रह गरेका छन्। सहयोग गर्न ईच्छुकका लागि समाजको आचार्य बन्धु समाज-नेपालको नाममा हिमालयन बैंक नयाँबानेश्वर साखामा रहेको खाता नम्बर ०२७०४३२६४४००१३ मा जम्मा गर्न सकिने बताएको छ।

हरेक मंगलवार नेपालभाषाको
रंगीन साप्ताहिक पत्रिका
बल्ना
व्यवसायिक पत्रकारिता, साँचा आवश्यकता LAHANA WEEKLY वा:पौ
खोजी खोजी पढौं ।

केपी ओली कप : बागमती सेमिफाइनलमा

• **मेरो संवाददाता**

काठमाडौं/पोखरामा जारी केपी ओली कपको शुक्रवार भएको समूह एको खेलमा कर्णली प्रदेशलाई ९० रनले पराजित गर्दै बागमती सेमिफाइनलमा प्रवेश गरेको छ।

जितसँगै बागमती समूह विजेता बन्दै सेमिफाइनल प्रवेश गरेको हो।

शुक्रवार पहिले ब्याटिङ्ग गरेको बागमतीले कर्णालीलाई १९० रनको लक्ष्य दिएकोमा १७ ओभर ३ बलमा कर्णाली अलआउट हुँदै मात्र ९९ रन बनाउन सफल भएको थियो।

बागमती प्रदेशले यसअघि बिहीवार भएको पहिलो खेलमा आयोजक मदन भण्डारी स्पोर्टस् एकेडेमी "रातो'लाई १०९ रनले पराजित गरेको थियो।

यसैगरी केपी ओली कप टि २० क्रिकेट प्रतियोगिताको समूह ' बी'बाट एपीएफ सेमिफाइनलमा प्रवेश गरेको छ। पोखरा रंगशालाको क्रिकेट मैदानमा आईतबार सम्पन्न समूह बी को अन्तिम खेलमा लुम्बिनीले गण्डकीलाई ५ रनले हराएसँगै एपीएफ समूह विजेता बन्दै अन्तिम चारमा पुग्न सफल भएको हो।

लुम्बिनी र गण्डकीबिचको आजको खेलको यस नजितासँगै यस समूहबाट एपीएफमा अन्तिम चारमा पुग्ने समिकरण बनेको हो। समूह चरणको पहिलो गण्डकीसँग पराजित भएको एपीएफले शनिबार लुम्बिनीलाई हराएको थियो।

समूह चरणको कुल २ खेलमा यस समूहका ३ वटै टोलीले समान १ खेल जित्दा १ खेलमा हार व्यहोर्दै समान २ अंक जोडेका छन्। तीनै क्लबको समान २ अंक भएपनि एपीएफ नेट रनरेटका आधारमा शीर्ष स्थानमा रहँदै समूह बी बाट अन्तिम चारमा पुग्न सफल भएको हो।

यसैगरी केपी ओली कप अन्तर्गत आइतवारै भएको समूह सी को पहिलो खेलमा नेपाल पुलिस क्लबले मधेश प्रदेशविरुद्ध ५७ रनको जित हासिल गरेको छ।

समूहको पहिलो खेलमा पुलिसलाई सहज जित दिलाउनका लागि कुशल भुर्तेलले ५७ बलमा ८ चौका र ७ छक्कासहित १ सय २ रनको शतकीय पारी खेले। यससँगै कुशल जारी केपी ओली कपमा शतक प्रहार गर्ने पहिलो खेलाडी समेत बनेका छन्।

पहिलो खेलमा हार बेहोरेको मधेस प्रदेशले सोमवार भएको खेलमा भने विजयी बनेको छ। सोमवार भएको खेलमा मधेस प्रदेशले सुदुरपश्चिमलाई ८ विकेटले पराजित गरेको थियो।

सोमवारबाटै सुरु भएको समूह डीको पहिलो खेलबाट त्रिभुवन आर्मी क्लबले विजयी सुरुवात गरेको छ। आर्मीले आयोजकको नीलो टीमलाई ११० रनले हराउँदै विजयी सुरुवात गरेको हो।

जितका लागि आर्मीले दिएको १९६ रनको विशाल लक्ष्य पछ्याएको मदन भण्डारी स्पोर्ट्स एकेडेमी नीलो १५.४ ओभरमा अलआउट हुँदै ८५ रनमा समेटिएको थियो।

मंसिर १५ गतेसम्म हुने प्रतियोगितामा सात प्रदेशका सात टिम, ३ विभागीय टोली नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लव, सशस्त्र प्रहरीको एपीएफ क्लब तथा मदन भण्डारी स्पोर्टस एकेडेमीको २ टिम गरी १२ टिमको सहभागिता रहेको छ।

समूह 'ए' मा बागमती प्रदेश, कर्णाली प्रदेश र मदन भण्डारी स्पोर्टस एकेडेमी रातो, समूह 'बि' मा एपिएफ, लुम्बिनी र गण्डकी, समूह 'सि' मा नेपाल पुलिस, मधेश प्रदेश र सुदूरपश्चिम तथा समूह 'डि' मा त्रिभुवन आर्मी क्लब, कोशी प्रदेश र मदन भण्डारी स्पोर्टस एकेडेमी निलो रहेका छन्।

उपाधि विजेताले पुरस्कार नगद रु ५ लाख, शिल्ड, मेडल र प्रमाणपत्र, द्वितीय पुरस्कार नगद रु २ लाख पचास हजार, शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ। म्यान अफ द सिरिजले नगद ३० हजार रूपैयाँ, बेस्ट व्यटार र बलरले जनही नगद २०/२० हजार रूपैयाँ र म्यान अफ द म्याचले नगद ५ हजार रूपैयाँ प्राप्त गर्नेछन्।

प्रो. अरुण महर्जन

अरुण दुध डेरी उद्योग

ग्वंग:बुँ, कुलान्तचोक, काठमाडौं । फोन : ०१-४३६०१३३, मो. ९८५१०५८१४२/९८०३९७४८९१



यहाँ दुध, दही, मही, घ्यू, पनिर, बटर, आइसक्रिम, केक आदि पाउनुका साथै
शुभ कार्यको लागि अर्डर बमोजिम सामान उपलब्ध गराईन्छ ।

घिसिङ्गलाई रग्बी सेवा अवार्ड

• **मेरो संवाददाता**

काठमाडौं/एसिया रग्बीले प्रतिष्ठित सेवा अवार्डबाट राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव टङ्कलाल घिसिङलाई सम्मान गरेको छ। नेपालमा रग्बी खेलको विकास र विस्तारमा उल्लेखनिय योगदान दिएकोले नेपाल रग्बी सङ्घको पूर्व अध्यक्ष समेत रहनुभएका घिसिङलाई सम्मान गरिएको हो।

एसिया रग्बीका कार्यकारी सदस्य समेत रहनुभएका घिसिङ्गलाई उज्वेकिस्तानको तास्केन्टमा भएको एसिया रग्बी अवार्ड कार्यक्रममा सो अवार्ड प्रदान गरिएको हो।

सन् २०१२ मा नेपाल रग्बी सङ्घको अध्यक्षमा निर्वाचित भएयता सन् २०२१ सम्म घिसिङ्ग अध्यक्षको जिम्मेवारीमा हुनुहुन्थ्यो। दुई वर्षअघि राखेप सदस्य सचिवमा नियुक्त भएपछि उहाँले अध्यक्ष पदबाट राजीनामा दिनुभएको थियो।

नेपालले यसै वर्ष विश्व रग्बीको पूर्ण सदस्यता पाएको छ। सन् २०१९ मा एसिया रग्बीको सदस्यमा निर्वाचित भएपछि सदस्य सचिव घिसिङ खासगरी दक्षिण एसियालाई केन्द्रमा राखेर एसियामा रग्बीको विकास र विस्तारमा निरन्तर क्रियाशील रहँदै आउनुभएको छ।

इटालीलाई डेभिस कप उपाधि

काठमाडौं/डेभिस कप टेनिस प्रतियोगिताको आइतबार राति भएको फाइनल खेलमा अस्ट्रेलियालाई २-० ले हराउँदै इटालीले ४७ वर्षपछि डेभिस कप च्याम्पियनको उपाधि हात पारेको छ।

इटालीका लागि पहिलो खेलमा माटियो अर्नाल्डीले अष्ट्रेलियाका एलेक्सी पपीरिनलाई ७-६, २-६, ६-४ ले हराएको थियो। दोस्रो खेलमा जानिक सिनरले एलेक्स डी मिनौरलाई ६-३, ६-० ले हरायो। यसअघि इटाली सन् १९७६ मा च्याम्पियन बनेको थियो।

इटालीले पछिल्लो पटक सन् १९९८ मा फाइनलमा पुगेको थियो। सेमिफाइनलमा इटालीले सर्वियालाई २-१ र अस्ट्रेलियाले फिनल्यान्डलाई २-० ले हराएर फाइनलमा स्थान बनाएका थिए। एजेन्सी


भर्ना चाल
नेपालभाषा एम.ए. (M.A) न्हापांगु
सेमेस्टरय् भर्ना चाल
शैक्षिक दँ २०८०-८१
नेपालभाषा, साहित्य, लिपि, संस्कृति व सोधपत्र
अध्ययनया नितिं स्वापू तयादिसँ ।
छुं नं विषयलय् स्नातक तगिमय् पास जुइधुंकूपिं
न्हयाम्हेसिनं ब्वने दु ।
नां दुतिना
नेसं ११४४ कछलाश्य ४ - कछलागा १४ तक
(२०८० मंसीर १-२५ गते तक)
ढोषर दस्तुर
मंसीर २६ व २७ गते
प्रवेश परीक्षा
२०८० पौष ३ गते मंगलपार
तिनतिया १ बजे
नेपालभाषा केन्द्रीय विभाग
पाटन संयुक्त क्याम्पस परिसर, यलप्पाखा, यल
५२५८४९४ , ९८४३६१७६१९
९८४१७९७०३८ ९८५१०९१५१७

मेरो साप्ताहिक
काठमाडौं जि.प्र.का. द.नं. : ३१२/०७६/७७ मेरो साप्ताहिक

सय प्रभावशाली महिलाहरुको नाममा रुक्साना

- **मेरो संवाददाता**

काठमाडौं/बीबीसीले सार्वजनिक गरेको विश्वका १०० जना प्रभावशाली महिलाहरुको नाम प्रकाशन गरेकोमा नेपालबाट रुक्साना कपाली पनि परेको छ । कपालीलाई नेपालभाषाबाट लेखन कार्यका साथै नेवाः आन्दोलनको अभियन्ताको रुपमा चिनिन्छ ।

सडक विस्तार, सम्पदा संरक्षण, भाषा अभियान का साथै नेवाः मुद्दाको आन्दोलनमा समेत उहाँको सक्रियता रहेको छ । कपालिले त्रिभुवन विश्वविद्यालयमा आफ्नो लिंग परिवर्तन गरि नयाँ परिचयको माग गर्दा अस्वीकार गरेकोमा सो को विरुद्धमा अदालतमा कानुनी लडाइँ लड्नुभएको थियो । बीबीसीले सार्वजनिक गरेको नाममा उहाँको नाम नेपालबाट महिलाको रुपमा निस्केको थियो ।

ज्यापु मिसा पुचः १९ वडाको इही मुना

- **मेरो संवाददाता**

काठमाडौं/ज्यापु मिसा पुचः १९ वडाको आयोजनामा यही मंसिर ११ र १२ गते दुई दिने इहि मुना कार्यक्रम संचालन गरिएको छ ।

काठमाडौं मनपा १९ वडास्थित कंग अजिमा मन्दिर परिसरमा आयोजित इहि मुना कार्यक्रममा ७९ जना ३ देखि ११ वर्षसम्मका बालिकाहरुको सहभागिता रहेको थियो ।

पुचःकी अध्यक्ष पूर्णशोभा डंगोलले नेवार संस्कृतिको एक महत्वपूर्ण संस्कार इही रहेको बताउनु हुँदै नेवार समुदायमा सामूहिक रुपमा नै इही संचालन गरिँदै आएको उहाँले बताउनु भयो ।

पुचःकी सचिव विणा महर्जनले पुचःले विगतमा २०७० सालमा पनि यस्तै इहि मुना कार्यक्रम आयोजना गरेको जानकारी दिनु हुँदै पुचःका सदस्यहरुबीच भएको छलफल अनुरुप नै यस वर्ष १० वर्षपछि पुनः इहि मुना कार्यक्रमको आयोजना गरिएको बताउनु भयो ।

काठमाडौं मनपा १९ वडाका सदस्य चन्द्रमान महर्जनले काठमाडौं महानगरपालिकाले काठमाडौंको संस्कृति संस्कारको संवर्द्धन गर्नका लागि सदा सहयोग गर्दै आएको र यस इही मुना कार्यक्रममा पनि वडाको सहयोग रहेको बताउनु

बुढानीलकण्ठमा दीप प्रज्ज्वलन

- **मेरो संवाददाता**

काठमाडौं/नेपाल भाषा र तामाङ भाषालाई सरकारी कामकाजी भाषाको रुपमा विधेयक पारित भएको उपलक्ष्यमा दिप प्रज्ज्वलन सम्पन्न भयो । बागमती प्रदेश सभाबाट पारित भएकोमा खुशि हुँदै कार्तिक २५ गते बुढानीलकण्ठ नगर समितीबाट सो कार्यक्रमको आयोजना भएको हो ।

कार्यक्रममा प्रमुख अतिथि नेवाः देय् दबू स्वनिगः विशेष प्रदेशका अध्यक्ष श्रीकृष्ण महर्जन, अतिथिमा बुढानिलकण्ठ नगरपालिकाका प्रमुख मिथाराम अधिकारी, उपमेयर अनिता लामा, क्षेत्र नं. ४ का मा. सांसद जयराम थापा, मिना पराजुली, क्षेत्र नं. ५ का सांसद मा. ज्ञान बहादुर तामाङ र नेवाः देय् दबू स्वनिगः प्रदेशका महासचिव गणेशमान श्रेष्ठको उपस्थिति रहेको थियो ।

सोहि अवसरमा पारि यस कार्यमा संलग्न सबैलाई धन्यवाद ज्ञापन पनि गरेका थिए ।

नेपाल संवत्लाई सरकारी दस्तावेजमा उल्लेख गर्न सुझाव

- **मेरो संवाददाता**

काठमाडौं/पंचाङ्ग निर्णायक समितिले गत आइतबार नेपाल सरकारले नेपाल संवतलाई सरकारी दस्तावेजमा प्रयोग गर्न एक पत्र हस्तान्तरण गरेको छ ।

सो पत्रमा संस्कृति मन्त्रालयबाट जसरी विक्रम संवत प्रयोग गर्दै आएको सोहि अनुरुप नेपाल संवत पनि प्रचारमा कसरी ल्याउन सकिन्छ ? यसको लागि आवश्यक निर्णय गरी पठाउन निर्देशन दिए बमोजिम छलफल गरिएको हो ।

साथै सूचना विभागबाट प्रकाशित नेपाल सरकारको क्यालेन्डरमा पनि प्रयोग गर्न सुझाव दिएको छ ।

कार्तिक २७ गते सोमवार नेपाल सरकारको मन्त्रिपरिषदको बैठकले नेपाल संवतलाई सरकारी दस्तावेजमा प्रयोग गर्ने निर्णय गरेको हो ।

सो निर्णय कार्यान्वयन गर्नका लागि तिथिमितिको कुरा भएकोले नेपाल पञ्चाङ्ग समितिसँग नेपाल संवत्को तिथिमिति कसरी लेख्दा हुन्छ भन्ने सुझाव मागेको हो ।

राष्ट्रिय सभा सदस्य निर्वाचनको मतभार परिवर्तन

- **मेरो संवाददाता**

काठमाडौं/राष्ट्रिय सभाको नयाँ निर्वाचनका लागि निर्वाचन आयोगको मंसिर ६ गते बसेको बैठकले नयाँ मतभार कायम गरेको छ। राष्ट्रिय सभा निर्वाचनको लागि जनगणनाको आधारमा मतभार कायम हुने र २०७८ को जनगणना सम्पन्न भै त्यसको प्रतिवेदन समेत सार्वजनिक भइसकेको कारणले नयाँ मतभार कायम गरिएको आयोगले एक विज्ञप्ति जारी गर्दै जनाएको छ।

नेपालको संविधानको धारा ८६ को उपधारा (३) बमोजिम राष्ट्रिय सभाका एक तिहाइ सदस्यहरूको पदावधि २०८० फागुन २० गते समाप्त हुन लागेको र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ बमोजिम पद रिक्त हुनुभन्दा ३५ दिन पहिले निर्वाचन गरिसक्नुपर्ने कानूनी व्यवस्था छ।

राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ मा राष्ट्रिय सभाको निर्वाचनमा मतदान गर्ने निर्वाचक मण्डल (प्रदेश सभाका सदस्य र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुख) को मतभारको व्यवस्था रहेको छ। मतभार कायम गर्दा पछिल्लो राष्ट्रिय जनगणना अनुसारको कूल जनसंख्यालाई आधार मानी कायम गर्नुपर्ने हुन्छ।

नयाँ मतभार अनुरुप प्रदेश सभा सदस्यका लागि ५३ र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखको लागि १९ मतभार कायम गरिएको छ।

यस अगाडिका राष्ट्रिय सभा सदस्य निर्वाचनमा उक्त मतभार प्रदेश सभा सदस्यका लागि ४८ र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखको १८ रहेको थियो ।

व्यक्तिगत विवरण सुरक्षित राखौं, साईवर अपराधबाट जोगिऔं

कम्प्युटर, मोवाईल र ईन्टरनेट प्रयोग गर्दा:

- *बलियो पासवर्ड राखौं र पासवर्डलाई नियमित रुपमा परिवर्तन गरौं ।*
- *अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिक्त नखोलौं ।*
- *अपरिचित व्यक्तिले युजरनेम र पासवर्ड मागे नदिऔं ।*
- *ट्वाट्स एप, ईमो, भाइबर, मेसेन्जरलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाऔं । त्यस्ता कल पटक पटक आए ब्लक गरौं ।*
- *आफ्ना व्यक्तिगत विवरणहरु (ओटिपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड, नागरिकता नम्बर, राहदानी नम्बर, जन्म मिति) कसैलाई शेयर नगरौं, सुरक्षित राखौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड